महालेखा परीक्षकको कार्यालय
Office of the Auditor General
(संघीय मामिला तथा स्थानीय विकास निर्देशनालय)

Phone: 4258174
4266034
4255707
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu
NEPAL

पत्र संख्या: २०७४/७५

मिति: २०७४।१२।२५

च.नं. १२४२

विषय: **लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
टिकापुर नगरपालिका,
कैलाली ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७३।७४ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित पेस भएसम्मको लेखा र लेखासँग सम्बन्धित कागजपत्र परीक्षण गरी मिति २०७४/१०/२५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त नभएको हुँदा कायम लेखापरीक्षण प्रतिबेदन पाना ४ यसैसाथ छ । प्रारम्भिक प्रतिबेदनलाई सन्दर्भ प्रतिबेदनको रुपमा लिई यो प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा नियमानुसार फछ्र्यौट गरी सम्परीक्षण गर्नु गराउनु हुन अनुरोध गरिएको छ ।

(महेश्वर काफ्ले)
नायव महालेखापरीक्षक

महालेखा परीक्षकको कार्यालय

Office of the Auditor General

(संघीय मामिला तथा स्थानीय विकास निर्देशनालय)

Phone: 4258174
4266034
4255707
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu
NEPAL

मिति २०७४।१२।२५

श्री प्रमुखज्यू,
टिकापुर नगरपालिका,कैलाली ।

लेखापरीक्षण प्रतिवेदन

यस कार्यालयबाट टिकापुर नगरपालिकाको आर्थिक वर्ष २०७३।७४ को पेश भएका आर्थिक विवरण र सो सँग सम्बन्धित कागजात लेखापरीक्षण सम्पन्न गरिएको छ ।

आर्थिक विवरण उपर व्यबस्थापन पक्षको जिम्मेवारी

आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४ स्थानिय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानिय निकाय आर्थिक प्रशासन नियमावलि, २०६४ र प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन संचालन गर्ने तथा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यबस्थापन पक्षको रहेको छ ।

लेखापरीक्षकको जिम्मेवारी

प्रस्तुत आर्थिक विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०४८ तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मापदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा केन्द्रिय विवरणहरुमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन्:

१. लेखापरीक्षणबाट रु ८४ लाख ५६ हजार बेरुजू रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ३ लाख ७ हजार, नियमित गर्नुपर्ने रु. ८१ लाख ४९ हजार र पेश्की रु. ५३ लाख रहेको छ ।

२. साविकका स्थानीय निकायको सवारी साधन, कम्प्यूटर, फर्निचर लगायतको सम्पत्ति स्थानीय तहमा हस्तान्तरण गरी अभिलेख राख्नु पर्नेमा हस्तान्तरण भएको छैन ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

४. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७४।१२।२५ मा लेखापरीक्षण प्रतिबेदन जारी गरिएको छ ।

कैफियत सहितको लेखापरीक्षण राय

कैफियत सहितको लेखापरीक्षण रायले त्यहांको वित्तीय विवरणहरुमा पर्ने असर र लेखापरीक्षण प्रतिबेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७३।७४ को आर्थिक कारोवार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानिय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानिय निकाय आर्थिक प्रशासन नियमावलि, २०६४ तथा प्रचलित कानून बमोजिम रहेको छ ।

(महेश्वर काफ्ले)

टिकापुर नगरपालिका

लेखापरीक्षण प्रतिवेदन

गत बर्षको मौज्दात रु १ करोड २४ लाख ३१ हजार र यो बर्षको आय रु २५ करोड ८५ लाख २१ हजार समेत रु २७ करोड ०९ लाख ५२ हजार आम्दानी भएकोमा रु २४ करोड ८७ लाख ५६ हजार खर्च भई रु २ करोड २१ लाख ९६ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका ब्यहोरा निम्नानुसार छन ।

१. **वित्तीय विवरण :** कार्यालयले पेश गरेको आय व्यय विवरण अनुसार गतवर्षको जिम्मेवारी रु.१२४,३१,५७६।- मा यस वर्ष विभिन्न अनुदान निकासा तथा आन्तरिक आय रु.२५,८१,७६,०९०।- तथा साविक गा.वि.स.को कोषमा रहेको रकम फिर्ता प्राप्त भएको रु.३,४५,२०३।- समेत जम्मा रु.२७,०९,५२,८६९।- मा रु.२४,८७,५६,६६७।- खर्च भै रु. २२१,९६,२०२।- मौज्दात रहेको आय व्यय विरण पेश भएको छ । प्रस्तुत आय व्यय विवरणमा धरौटीतर्फ जम्मा आय रु.७३,७९,०१६।- मा रु.५,८०,८३७।- खर्च भै मौज्दात रहेको रु.६७,९८,१७८।- तथा कर्मचारी कल्याण कोषको रु.१,३९,६६,६१८।- आय मध्ये खर्च रु.८३,५०,२३९।- भै वांकी भएको रु.५६,१६,३७९।- समावेश छैन ।

२. **सामाजिक सुरक्षा भत्ता :** सामाजिक सुरक्षा भत्तामा साविक गा.वि.स. तर्फको वितरण गर्न उपलब्ध गराएको र खर्च भएको रकम रु.९३,७२,३८०। लाई लाई आय व्यय विवराणमा सम्बन्धित शिर्षकमा देखाइएको छ भने नगरपालिकातर्फको सामाजिक सुरक्षा भत्ता रु.७,१६,१८,४००। आय विवरणको अन्यमा समावेश गरेको छ ।

३. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरीक नियन्त्रण ब्यबस्था भरपर्दो र प्रभाबकारी बनाउनु पर्दछ । यस कार्यालयको आन्तरीक नियन्त्रण ब्यबस्थाको मुल्यांकन गर्दा आर्थिक कारोबारको संक्षिप्त अनुसुची १४ तयार नगरेको , सूचना अधिकारीको काम कर्तब्य र अधिकार नेतोकेको , सेवा ग्राहीसंग अन्तरक्रिया नगरेको, चौमासिक प्रगति तयार नगरेको, नागरिक सूचनाको लागि हेल्प डेकस नराखेका बेरुजुको लगत नराखेको , जिन्सी निरीक्षण प्रतिबेदन तयार नगरेको , जस्ता ब्यहोरा देखिएको छन । प्रचलित नियममा भएका सबै ब्यबस्थाको पालना गरी आन्तरीक नियन्त्रण सुढृढ बनाउनु पर्दछ ।

४. **प्रयोगशाला परिक्षण** - कालो पत्रे तथा कंक्रिडको काममा निर्माण सामाग्री तथा निर्मित संरचनाको गुणस्तर तोकिएको मापदण्ड अनुसार भए नभएको प्रयोगशाला परिक्षण गराउनु पर्नेमा (सम्झौतामा समेत उल्लेख भएको) कार्यालयले बोलपत्र तथा उपभोक्ता समितिले गरेको सडक कालो पत्रे ग्राभलिङ र भवन निर्माण कार्यको प्रयोगशाला परिक्षण नगरेकोले गुणस्तरको विषयमा विश्वस्त हुन सकिएन ।

५. **ह्युम पाइप खरिद** - परिषदबाट स्वीकृत भई पूर्व निश्चित भएको ह्युमपाईप खरिद गर्दा सिलवन्दी दरभाउपत्रबाट नगरि पटक पटकको आदेशबाट सेती ह्युमपाईप तथा विद्युत पोल उद्योगबाट परिमाणको पाईप खरिद गरेको छ, ह्युम पाईप खरिद गर्दा लागत अनुमान तयार नगरेको र खरिद एवम् उपभोग (प्रयोग) को नापी किताब राखेको छैन । नापी किताब बेगर खरिद गरिएको ह्युम पाईप कुन योजनाको कुन कार्यमा खर्च भयो सो को स्थिति स्पष्ट नहुने हुँदा रु.११,१०,८०८। को खरिद कार्य नियमित गर्नुपर्दछ ।

६. **म्याद थप :** सडक बोर्ड अर्न्तगत टिकापुर बजार क्षेत्रमा पीच मर्मत कार्य अमिक्षा निर्माण सेवासँग बोलपत्रको माध्यामबाट मिति २०७४ बैशाखमा काम सम्पन्न गर्ने गरि सम्झौता भएकोमा प्रथम रनिङ्ग वीलमा रु.८,९९,९६२।- भुक्तानी भएको छ, म्याद थप भएको छैन । सम्झौता अनुसार रु.१,९६,२०९।- काम सम्पन्न हुन बाँकि देखिन्छ ।

७. **सोझै खरिद –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरि टुक्रा टुक्रा पारि खरिद गर्नु हुँदैन भन्ने उल्लेख छ । सौर्य उर्जा अर्न्तगत सडक वत्ती, फर्निचर तथा मेशिनरी सामान खरिद गर्दा टुक्रा टुक्रा पारी रु.५३,३३,०८३।- सिधै खरिद गरिएको छ । नियममा भएको व्यवस्था पालना नगर्दा खरिद कार्यमा अनियमितता हुने, आर्थिक अनुशासनको पालना नहुँने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

८. **सूचीकृत** - सौर्य उर्जाका आपूर्तक उज्यालो उर्जा प्राली बालाजु र अल्ट्रा सोलार इनर्जी एण्ड एस टि इन्जिनियरिङ्ग प्रा.लि. काठमाण्डौ दुवै कार्यालयको मौजुदा सूचीमा दर्ता समेत भएका छैनन् ।

९. **दमकल खरिद** - नगरपालिका अनुदान कार्यक्रम अर्न्तगत वोलपत्रको माध्यामबाट : AP Interprenuers Pvt. Ltd. काठमाण्डौसँग मिति २०७४।०२।०४ भएको सम्झौता अनुसार रु.५३,७५,०००।- को दमकल खरिद गरि भुक्तानी गर्दा धरौटी कट्टा गरेको देखिएन । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(४) मा खरिद सम्झौतामा अन्यथा उल्लेखं गरेको बाहेक ठेक्का रकमको वील भुक्तानी गर्दा रिटेन्सन मनि वापत ५ प्रतिशत कट्टा गरि राख्नु पर्ने व्यवस्था छ । दमकल खरिदको सम्झौता गर्दा रिटेन्सन मनि कट्टा गर्न नपर्ने कारण उल्लेख नगरेको हुँदा उक्त नियमानुसार ५ प्रतिशत रिटेन्सन मनि रु.२६८७५०। कट्टा गर्नुपर्दछ ।

लाख रुपैंया भन्दा बढीको सोभै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा ३ वटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउपत्र माग गरि खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालयलाई आवश्यक सामान पटक पटक खरिद गर्नु पर्ने हुँदा नियमको उक्त व्यवस्था अनुसार घटिवालासँग खरिद गर्ने प्रयोजनका लागि आपूर्तकबाट दरभाउपत्र लिई स्वीकृत गराई राखेको छ । लेखापरीक्षणको क्रममा स्वीकृत दर तथा भक्तानी वीलको केही नमुना तुलना गर्दा निम्न आपूर्तकलाई निजहरुले पेश गरेको दर भन्दा बढी भुक्तानी भएको देखिदा बढी भुक्तानी रु.३४३९७२८ रकम असुल गर्नुपर्दछ ।

. **कर दर्ता नभएकासंग खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा सार्वजनिक निकायले रु. २० हजार भन्दा बढीको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउदा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीबाट खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कम्प्यूटर मर्मतक सामान, कार्यालय संचालन सम्बन्धीसामान, मेशिनरी सामान लगायतको खरिद गर्दा मु.अ.कर दर्ता नभएका संग खरिद गर्ने गरेको छ । नियममा भएको व्यवस्थाको पालना नगर्दा आर्थिक अनुसाशनको कायम नहुने भएकोले कार्यालयको ध्यानाकर्षण हुनुपर्ने देखिएको छ । यस सम्बन्धी केही उदाहरण निम्नानुसार छन्:

:. **नर्म्स वेगर तालिम भत्ता** : नागरपालिकाबाट विभिन्न विषयमा विभिन्न वर्गहरुलाई प्रदान गर्ने प्रशिक्षण गोष्ठि सेमिनार, अभिमुखीकरण तथा भेला कार्यक्रमको लागि प्रशिक्षण भत्ता, कार्यपत्र प्रस्तुती, वैठक भत्ता, यातायात तथा खाना खाजा एवं अन्य व्यवस्थापन खर्चको लागि नर्म्स तयार गरी अर्थ मन्त्रालयबाट स्वीकृत भए बमोजिम खर्च गर्नु पर्दछ । स्थानिय निकायले नर्म्स तयार गरी स्वीकृत नगराएको अवस्थामा नेपाल सरकार अर्थ मन्त्रालयको निर्देशिका अनुसारनै खर्च गर्नुपर्ने हुन्छ । कार्यालयले यस वर्ष विभन्नि तालिम गोष्ठी तथ अभिमुखिकरणको कार्यक्रम संचालन गर्दा आफ्नो नर्म्स नभएको अवस्थामा अर्थ मन्त्रालयको स्वीकृत निर्देशिक अनुसार प्रति कक्षा जिल्ला स्तरमा रु.१०००। मात्र खर्च लेख्न मिल्नेमा रु.१५००। देखि रु.२५००। सम्म खर्च लेखेको देखियो ।

३. **निर्माण कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा सावजनिक निकायले अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको पूर्व स्वकिृती लिनु पर्ने उल्लेख छ । यसै गरी अमानतबाट निर्माण का गराउदा त्यस्तो काम एक लाख रुपैयामा नवढाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कम्पाउण्डमा घेरवा ग्राभेलिंग, रंगरोगन, सडक मर्मत लगायतका काम प्राविधिक कर्मचारीलाई कार्यदेश दिई गराउदा एक त माथिको पूर्व स्वकिृत नलिएको र रु.१ लाखको सिमा समेत नाघेको देखियो । सार्वजनिक निकायले कार्य गर गराउदा सोसंग सम्बन्धित ऐन नियमको पूर्ण पालना गर्नुपर्दछ ।

४. **कन्टेन्जेन्सी खर्च** : स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा स्थानिय निकायबा संचालन गरिने कार्यक्रम पुजिगत लगानीको समष्टिगत रकमबाट नगरपालिकाले बढीमा ३ प्रतिशतसम कन्टेन्जेन्सी रकम छुट्याई परिषदको स्वीकृतिमा सर्वेक्षण, ड्रइंग डिजाइन, योजना तर्जुमा, अनुगमन, सुपरिवेक्षण प्राविधिक उपकरण, गुणस्तर परीक्षणलगायत तोकिएको काममा खर्च गर्ने र सोको अभिलेख खर्चको हिसाव अनुसूची १० को ढांचामा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष कन्टेन्जेन्सी खर्चको लागि छुट्याएक रकम र खर्च विवरणको अभिलेख नराखेकोले विश्लेषण हुन सकेन । अत: कार्यविधिले तोकेको ढांचाम कन्टेन्जेन्सी खर्चको हिसाव राख्नुपर्ने देखिएको छ ।

५. **धरौटी** : अार्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६६ (२) अनुसार धरौटी फर्ता पाउने व्यक्तिले प्रचलि कानूनले तोकेको म्याद भित्र र नतोकेकोमा जुन प्रयोजनको लागि धरौटी राखेको हो सो काम सम्बन्धी कारवा अन्तिम रुपमा समाप्त भएको मितिले १ वर्ष भित्र फिर्ता लिन निवेदन पेश गर्नुपर्ने व्यवस्था छ । एक वर्षभि फिर्ता माग दावी गर्न नआएमा अभिलेख राखी सदरस्याहा गर्नुपर्ने देखिन्छ कार्यालयमा श्रोत नखुलेको र धरौ जम्मा गर्नेको नामानामेसी समेत नभएको धरौटी रकम रु. २,२७,८१४।- देखिएकोले त्यस्तो रकम नियमानुस सदरस्याहा हुनुपर्दछ ।

६. **कर विजक** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा मु.अ.कर भुक्तानीको लागि तोकिए बमोजिमको व विजक पेश हुनु पर्ने व्यवस्था छ । कार्यालयले समाज कल्याण परिषद टिकापुरलाई संभौता बमोजिमको किस्ता गरी वार्षिक रु.३,००,०००।- भुक्तानी गर्दा रु.३९,०००।- मु.अ.कर समेत भुक्तानी गरेकोमा कर विज पेश गरेको छैन । कर विजक वेगर खर्च लेख्न नमिल्ने रकम असुल हुनुपर्दछ ।

७. **मर्मत अभिलेख** : सवारी साधन मर्मत गर्दा फेर्ने पर्ने सामान तथा मर्मत गर्नुपर्ने पार्टको सम्बन्धित प्राविधिकद्वा

धनगढीलाई जीप मर्मत तथा सर्भिसिंगको रु.१,६९,४५१।- खर्च लेखेको रकम अनियमित देखिएकोले नियमित गर्नुपर्दछ ।

१८. **डेलिगेशन खर्च** : टिकापुरलाई उपमहानगरपालिका बनाउन राजनैतिक दलका स्थानिय नेताहरु लम्की र धनगढीमा डेलिगेशन जादाको गाडी भाडा रु.४४,०००।- खर्च लेखेकोमा कार्यालयको प्रयोजनसंग सम्बन्धित नदेखिएकोले अनियमित भएको उक्त रकम नियमित गर्नुपर्दछ ।

१९. **भरपाई** : लैगिक हिंसा तथा छुवाछुत र छाउपडी कार्यक्रम संचालनको विल भरपाईबाट स.क.अ. अमृता कुमारी रावलको पेस्की फछ्र्यौट गरेकोमा प्रशिक्षक वालाराम शर्माले रु.२,५५०।- भत्ता वुझेको नदेखिदा नगरपालिकाको कोष खातामा जम्मा गर्नुपर्दछ ।

२०. **सामाजिक सुरक्षा कर** : आयकर ऐन, २०५८ तथा आर्थिक ऐन, २०७३ अनुसार तलव, भत्ता तथा ज्याला भुक्तानी गर्दा १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले २०७३ सालको पोशाक भत्ता रु.४,०५,०००। खर्च लेख्दा १ प्रतिशतले हुने कर रु.४,०५०। कट्टा गरेको नदेखिएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

२१. **कर्मचारी कल्याणकोष** : स्वायत्त शासन नियमावली, २०६४ बमोजिम वर्षको १ महिनाको तलव कल्याणकारी कोषमा राख्नुपर्नेमा उक्त कोषमा कर्मचारीहरुबाट कुनै रकम योगदान भएको छैन । नगरपालिका अनुदानबाट योवर्ष रु.२२,२०,९०२।- कर्मचारी कल्याण कोषमा जम्मा गरेको छ । उक्त रकम कर्मचारीले पाउने २ महिनाको तलव भन्दा बढीको रकम भएकोले कर्मचारीको योगदान नभएको कोषमा कार्यालयको तर्फबाट जम्मा गर्नुपर्ने कानून व्यवस्था पेश गरी नियमित गर्नुपर्दछ ।

धनसिंहपुर गा.वि.स.

२२. **अनावश्यक खरिद** : गाँउपरिषद्‌को माग अनुसार भनि योजना उल्लेख नगरि सेती ह्युम पाइप तथा विद्युत् पोल उद्योग प्रा.लि. सँग एन.पी.३ ९०० एम एम को ह्युम पाइप ११ थान खरिद गरि रु. ३,९४,५५४।- भुक्तानी गरेकोमा सो ह्युम पाइप हाल सम्म जडान नभएको जिन्सी दाखिला नभएको तथा कार्यालयको परिसरमा रहेकोले खरिद गर्नुको उपादेयता देखिएन ।

२३. **खर्चको स्थिती** : त्रिभुवन उ.मा.वि. को घेरवारमा रु. १,३०,०००। खर्च लेखेकोमा ल.ई.नापी, कार्यसम्पन्न तथा विल भरपाई नभएकोले पेश गरी नियमित गर्नुपर्दछ ।

२४. **प्रशिक्षक भत्ता** : उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना निर्माण तथा गा.वि.स.को सेवा सम्बन्धी तालिम दिदा ५ वटा कक्षा सञ्चालनको प्रशिक्षक भत्ता प्रति कक्षा रु.२०००।- ले रु.१०,०००।- खर्च लेखेकोमा सो दरको स्वीकृत नर्म नभएकोले अनियमित देखियो ।

२५. **वढी भुक्तानी** : वडा कार्यालयले आदीवासी जनजातीको लागि बोरिङ जडान गर्न प्रति मिटर ७३८।६४ मा १७६ मिटर बोरिङ कार्यको रु. १,३०,०००।- भुक्तानी भएको सन्दर्भमा सोही कार्य कृषक समूह समन्वय समितिको लागि गराउँदा प्रति मिटर ८७५।७१ बाट गराई १७७ मिटर बोरिङ जडानको कार्यको गराई प्रति मिटर १३७।०७ ले वढी खर्च लेखेको रु.२४,२६१।- उपभोक्ता समितिबाट असुल हुनुपर्दछ ।

२६. **खर्च लेख्ने आधार नदेखिएको** : दलित जनजाती संजाललाई बाखा वितरण कार्यक्रम अन्तर्गत रु. १,४५,०००।- भुक्तानी गर्दा संलग्न भर्पाई अनुसार २०७४।२।३१ मा बाखा बुझिलिई सकेको अवस्थामा ५ दिन पछिको भर्पाईबाट २०७४।३।५ मा बाखा खोजेको खर्च भनि रु. १६,०००।- भुक्तानी गरेको देखियो । यस्तो खर्च खर्च मिल्ने आधार नदेखिएकोले असुल हुनुपर्दछ ।

२७. **ढुवानी** : अपाङ्गहरुको लागि ट्राइसाइकल खरिद गर्ने कार्यक्रम भएकोमा साइकल खरिद नगरि चितवन देखि टीकापुर हुदै साइकल ढुवानी गरेको भनि रु. ३१,०००।- खर्च लेखेकोमा ट्राइसाइकल प्राप्तीको श्रोत एवम् दाता उल्लेख नभएको र ढुवानी गर्नु परेको कारण बेगर खर्च लेखेको रकम नियमित गर्नुपर्दछ ।

२८. **निजी संस्थालाई अनुदान**: सेती कर्णाली साप्ताहिक पत्रिकालाई कम्प्युटर खरिद गर्न भनि रु. १९,९९०।- अनुदान खर्च लेखेको देखियो । यस प्रकार निजी प्रकाशन संस्थालाई अनुदान दिन मिल्ने आधार नभएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

२९. **थप पारिश्रमिक** : गाँउ विकास समितिमा निर्वाचित पदाधिकारीहरु समेत नभएको कारण कार्य वोझ बढन गई सांझ विहान समेत थप काम गर्नुपर्ने भएकोले साविक गाँउ विकास समितिका वडा सचिवहरुले गाँउ परिषदको निर्णय अनुसार मासिक रु.५,५००। थप पारिश्रमिक २०७३ श्रावण देखि आषाढसम्म आआफ्नो गा.वि.स.बाट भुक्तानी लिएको छ । सोही थप कार्यवोझको कारण जनाई जिल्ला विकास समितिले जिल्ला भित्रका सबै गा.वि.स.सचिवहरुलाई थप कामको आधारमा तलवको ५० प्रतिशतसम्म भत्ता दिने गरेकोले दोहोरो भत्ता खर्च लेख्नु औचित्यपूर्ण देखिएन ।

नारायणपुर गाँउ विकास समिति

३०. **आय व्यय विवरण** : नारायणपुर गाँउ विकास समितिको आ.व. ०७३।०७४ श्रावण देखि फागुन २७ सम्मको आय व्यव विवरण अनुसार गत वर्षको मौज्दात समेत आय रु. १७०,८६,१४६।- मध्ये खर्च रु. १२६,०९,०५५ कटाउदा बचत रहेको रु. ४४,७७,०९१।- मा जि.वि.स. फिर्ता रु. ४२,६९,९२३।- पछि बचत रहेको रकम रु. २,०७,१६८।- नगरपालिका कोषमा जम्मा गरेको आय व्यव विवरण पेश भएको छ ।

३१. **निर्माण कार्य** : निर्माण कार्य गर्दा लागत अनुमान तयार गरि स्वीकृत गराउनु पर्ने र काम सम्पन्न भएपछि सोको नापी लिई मुल्यांकन प्रतिवेदन सहित कार्य सम्पन्न प्रतिवेदन तयार गर्न पर्नेमा कार्यालयले वि.पि. निकुञ्जको टहरा निर्माण गरेको भनि उ.स. लाई रु. १,५०,०००।- भुक्तानी गरेकोमा सो कार्यको लागत इस्टिमेट नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन तयार नगरि खर्च लेखेको रु. १,५०,०००।- नियमित गर्नुपर्दछ ।

३२. **ह्युम पाइप खरिद**: गाँउ विकास समितिका विभिन्न वडाहरुको मागअनुसार भनि ह्युम पाइप खरिद, लेइङ, फिटिङ र फिक्सिङ समेतको सम्पूर्ण काम भनि रु. ७,१९,६५०।- को लागत अनुमान तयार गरि रु. ७,१३,८५३।- सेती ह्युम पाइप तथा विद्युत् पोल प्रा.लि. लाई भुक्तानी गरेको देखियो । स्वीकृत लागत अनुमान अनुसार लेइङ, फिटिङ भएको छैन । खरिद वापत कार्यमात्र गरि ल.ई. अनुसारको सबै रकम भुक्तानी गरेको र ती पाइपहरु प्रयोजनहीन अवस्थामा गा.वि.स. कार्यालयमा रहेकोले आवश्यकताका आधारमा काम हुने गरिएको देखिएन ।

३३. **भवन निर्माण** : गाँउपरिषद्को निर्णय अनुसार भानु पुस्तकालयको भवन निर्माण कार्यको लागि गा.वि.स.ले छुट्याएको रु. २,००,०००।- खर्च लेख्दा गत विगत वर्षमा निर्माण भैसकेको र तल्ला थप गर्ने कार्यको लागि भएको लागत इस्टिमेटमा पि.सि.सि. र प्लास्टरको काम उल्लेख भएकोमा संलग्न बिल अनुसार रु.१३०१७६।- ईटा खरिद गरेकोले प्लाष्टरको काममा इटा आवश्यक नपर्ने हुदा सो खर्च नियमित हुनु पर्दछ ।

३४. **दोहोरो खर्च** : मधेश लक्षित समुदायको नेतृत्व विकास तालिम गर्न रु. ५००००।- खर्च लेखेकोमा ०७४।३।१० सम्म कार्यक्रम सञ्चालन भएको भनि पेश गरेको फोटो १८।९।२०१६ अर्थात् २०७३।६।२ गतेको भएकोले छुट्टै कार्यक्रमको फोटो राखी खर्च लेखेको रकम नियमित गर्नुपर्दछ ।

३५. **कार्यक्रम नगरि भुक्तानी** : अपाङ्गहरुलाई समूहको लेखापरिक्षण, कम्प्युटर र मैनबत्ती बनाउने गरि ३ वटा तालिम सञ्चालन गर्न रु. १,८०,०००।- को रकम गाँउ परिषद्बाट विनियोजन भएकोमा कम्प्युटर तालिम सञ्चालन नगरी अन्य २ वटा तालिम मात्र भएकोले कम्प्युटर तालिमको खर्च लेख्न मिल्ने नदेखिएको रु. ६०,०००।- असुल हुनुपर्दछ ।

३६. **बढी भुक्तानी** : गाँउ परिषद्को निर्णय अनुसार जुगराम चौधरीको घरदेखि वडा नं. ३ सिमाना सम्मको बाटो ग्राभेल गर्ने कार्यको लागि रु. ७५,०००।- बजेट स्वीकृत भएकोमा रु. ८०,०००।- खर्च लेखेकोले स्वीकृत भन्दा बढी खर्च लेख्न नमिल्ने रु. ५,०००।-उपभोक्ता समितिबाट असुल हुनुपर्दछ ।

३७. **अनियमिति खर्च** : गाँउ परिषद्को निर्णय बेगर अरबरुवा नाला पक्की पुलको दाया बाया माटो पटानी गरेको भनि उपभोक्ता समतिको नाममा खर्च लेखेको रु. ६७,५००।- खर्च लेख्न मिल्ने नदेखिएको ।

३८. **थप पारिश्रमिक** : गाँउ विकास समितिमा निर्वाचित पदाधिकारीहरु समेत नभएको कारण कार्य वोझ बढन गई सांझ विहान समेत थप काम गर्नुपर्ने भएकोले साविक गाँउ विकास समितिका वडा सचिवहरुले गाँउ परिषदको निर्णय अनुसार मासिक रु.५,५००। थप पारिश्रमिक २०७३ श्रावण देखि आषाढसम्म आआफ्नो गा.वि.स.बाट भुक्तानी लिएको छ । सोही थप कार्यवोझको कारण जनाई जिल्ला विकास समितिले जिल्ला भित्रका सबै गा.वि.स.सचिवहरुलाई थप कामको आधारमा तलवको ५० प्रतिशतसम्म भत्ता दिने गरेकोले दोहोरो भत्ता खर्च लेख्नु औचित्यपूर्ण देखिएन ।

बेरुजुको स्थिति

लेखापरीक्षणबाट रु ८४ लाख ५६ हजार बेरुजू रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ३ लाख ७ हजार, नियमित गर्नुपर्ने रु. ८१ लाख ४९ हजार र पेश्की रु. ५३ लाख रहेको छ ।

महालेखा परीक्षकको कार्यालय
Office of the Auditor General
(डोर मुकाम, कैलाली)
अ.छा.बे

Phone: 5010081
5010066
5010247
5010115
Post Box: 13328
पुल्चोक, ललितपुर, नेपाल
Pulchowk, Lalitpur
NEPAL

पत्र संख्या: २०७४।७५
च.नं : १७९

मिति: २०७४।१०।२४

विषयः **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यकारी प्रमुखज्यू,
टिकापुर नगरपालिका,
कैलाली ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस नगरपालिकाको आर्थिक वर्ष २०७३।७४ को विनियोजन/ राजस्व/ धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित पेस भएसम्मको लेखा र लेखासँग सम्बन्धित कागजपत्र परीक्षण गरी मिति २०७४।१०।२२ मा छलफल पश्चात् तयार गरिएको पाना १४ को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ (१) बमोजिम ३५ दिनभित्र फछ्यौंट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्यौंट गरी सम्परीक्षण नगराएमा ऐनको दफा १९(३) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

बोधार्थ:
श्री सचिवज्यू,
संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय,
सिहदरवार, काठमाण्डौ ।
श्री प्रमुख कोष नियन्त्रकज्यू,
कोष तथा लेखा नियन्त्रक कार्यालय,
कैलाली ।

भवदीय,

(अनन्त प्रसाद तिवारी)
निर्देशक

टिकापुर नगरपालिका
आर्थिक कारोबारको स्थिति
आर्थिक वर्ष २०७३।७४

विवरण		नम	कार्यरत अवधि		बेरुजू रकम
			देखि	सम्म	
टिकापुर नगरपालिकाको कार्यालय	कार्यालय प्रमुख:	बालाराम शर्मा	२०७३/०४/१	२०७४/०३/३१	८४५६
	लेखा प्रमुख:	नरेन्द्र सन्याल नन्दवहादुर के.सी.	२०७३/०२/०१ २०७३/०४/१	२०७४/०३/३१ २०७४/०३/३१	
धनसिंहपुरगा.वि.स	कार्यालय प्रमुख	वीर वहादुर ऐर	२०७३/०४/१	२०७४/०३/३१	
नरायणपुर गा.वि.स	कार्यालय प्रमुख	हर्क वहादुर बम	२०७३/०७/०१	२०७४/०३/३१	

एकीकृत आय-व्ययको विवरण
टिकापुर नगरपालिका
२०७३।४।१ देखि २०७४ आषाढमसान्तसम्म

क्र सं	आय				व्यय		
	विवरण	साविकजिम्मेवारी	यस वर्षको आम्दानी	जम्मा	खर्च	मौज्दात/जि.बि.स फिर्ता	जम्मा
क	साविकगाउँविकास समिति /नगरपालिका तर्फ (०७३/४/१ देखि ११/२७गते)						
१	धनसिंहपुर गाउँविकास समिति	५५११२.७५	१४४६०४८१.६९	१४५१५५९४.४४	११६५५८८२.००	२८५९७१२.४४	१४५१५५९४.४५
२	नारायणपुर नगरपालिका	१२८८८१.४३	१६९५७२६५.००	१७०८६१४६.४३	१२६०९०५५.००	४४७७०९१.४३	१७०८३१४६.४३
	जम्मा	१८३९९४.१८	३१४१७७४६.६९	३१६०१७४०.८७	२४२६४९३७.००	७३३६८०३.८७	३१५९८७४०.८८
ख	टिकापुर नगर पालिका (२०७३/११/२८ देखि ०७४/३/३० सम्म)	१२४३१५७६.१५	२५८५२१२९३.४३	२७०९५२८६९.५८	२४८७५६६६७.३९	२२१९६२०२.१९	२७०९५२८६९.५८
	जम्मा	१२४३१५७६.१५	२५८५२१२९३.४३	२७०९५२८६९.५८	२४८७५६६६७.३९	२२१९६२०२.१९	२७०९५२८६९.५८

टिकापुर नगरपालिका

(२०७३ श्रावण देखी २०७४ आषाढ मसान्तसम्म)

आय व्यय विवरण

आय			व्यय		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
गत वर्षको मौज्दात		१२४३१५७६.१५	जि.वि.स.अनुदान खर्च		२५८८६९३९.०३
जि.वि.स.अनुदान		२५८८६९३९.०३	चालु खर्च	३६३३३३.३४	०
चालु अनुदान	३६३३३३.३४	०	पुजिगत खर्च	१०२९९१८५.६९	०
पुजिगत अनुदान	१०२९९१८५.६९	०	समाजिक सुरक्षा	९३७२३८०.००	०
सामाजिक सुरक्षा भत्ता	९३७२३८०.००	०	अन्य	५८५२०४०.००	०
नगरपालिका अनुदान		६०१०८०००.००	नगरपालिका अनुदान खर्च		६००५९७५९.९१
चालु अनुदान	६२३३०००.००	०	चालु	६२३३७००.००	०
पुजिगत अनुदान	५३८७५०००.००	०	पूँजिगत	५३८२६७५९.९१	०
स्थानीय शासन		२५६८४३५.४८	स्थानिय शासन		२५६८४३५.४८
अन्य		१३९१९०९८६.३४	अन्य		१६०२४१५३२.९७
आन्तरिक आय		३०७६६९३२.५८	मौज्दात		२२१९६२०२.१९
साविक गा.वि.स.को	३४५२०३.१८	०	वैंक		०
जम्मा		२७०९५२८६९.५८	जम्मा		२७०९५२८६९.५८

कोषतर्फ

कोषको नाम	आम्दानी	खर्च	बांकी
कर्मचारी कल्याण कोष	१३९६६६१८.५९	८३५०२३९.४३	५६१३७९.१९
प्रकोप व्यवस्थापन कोष	११४१८९८.४५	११४१८९८.४५	०
वातावरण विकास कोष	३५२५४६.७२	३५२५४६.७३	०
मानव संसाधन तथा नगर सूचना कोष	७०२९६५.५७	७०२९६५.५७	०
जम्मा	१६१६४०२९.३३	१०५४७७००.१८	५६१३७९.१९

उल्लेखित कोषमा साविक धनसिंहपुर तथा नारायणपुर गा.वि.स.मा रहेको निम्न कोषहरु वार्षिक आय व्यय विवरणमा समावेश नगरेकोले सो समेत समावेश गरी कोषको एकीकृत आय व्यय विवरण तयार हुनु पर्ने देखिन्छ ।

धनसिंहपुर गा.वि.तर्फ			
कोषको नाम	आम्दानी	खर्च	बांकी
कर्मचारी कल्याण कोष	३४२४४१.१९	६९५.५३	३४१७४५.६६
खानेपानी सरसफाई कोष	१४६१००.००	९९३४०.००	४६७६०.००
जम्मा	४८८५४१.१९	१०००३५.५३	३८८५०५.६६
नारायणपुर गा.वि.स.			
कर्मचरी कल्याण कोष	९८५०९.४७	७६.६३	९८४३२.८४
जेष्ठ नागरिक उपचार कोष	१०३४१८.००	२३६.००	१०३१८२.००
प्रकोप व्यवस्थापन कोष	१५५९४७.००	०	१५५९४७.००
जम्मा	३५७८७४.४७	३१२.६३	३५७५६१.८४

	लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन
दफा नं.	**भौ.नं., मिति र व्यहोरा**
	उल्लेखित आर्थिक कारोबारको स्वीकृत समष्टीगत तथा ईकाइगत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगती विवरण, कार्यालयको वित्तीय जवाफदेहीता तथा उत्तरदायित्व पालना सम्बन्धी मूल्यांकन सूची, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधारमानी लेखापरीक्षण सम्पन्न गरिएको छ । संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ । लेखापरीक्षण संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ । संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण ऐन, २०४८ को दफा ३ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लेखित कारोवारको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु सम्बन्धमा सम्बद्ध पदाधिकारीहरुसँग मिति २०७४।१०।२२ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।
	लेखापरीक्षणको क्रममा रु.७४५५९५९।३९ असुल भई राजस्व खातामा दाखिला भएको छ ।
	परिचय :नेपालको ७ नम्बर प्रदेश स्थित टिकापुर नगरपालिकाको स्थापना २०५३ मा भएको हो । समुन्द्री सतहदेखि १०९ मिटरको उचाईमा काठमाण्डौ देखि ६५० कि.मि.को दुरीमा अवस्थित यस नगरपालिकामा कुल ९ वडा रहेको छ ।
१	**जिम्मेवारी** : उल्लेखित आय व्यय विवरणको जिम्मेवारी रकम गतवर्षको लेखापरीक्षण प्रतिवेदनबाट समावेश गरिएको छ ।
२	**वित्तीय विवरण** : कार्यालयको आय व्यय विवरण अनुसार गतवर्षको जिम्मेवारी रु.१२४३१५७६।१५ मा यस वर्ष विभिन्न अनुदान निकासा तथा आन्तरिक आय रु.२५८१७६०९०।२५ तथा साविक गा.वि.स.को कोषमा रहेको रकम फिर्ता प्राप्त भएको रु.३४५२०३।१८ समेत जम्मा रु.२७०९५२८६९।५८ मा रु.२४८७५६६६७।३९ खर्च भै रु. २२१९६२०२।१९ मौज्दात रहेको आय व्यय विरण पेश भएको छ । प्रस्तुत आय व्यय विवरणमा धरौटीतर्फ जम्मा आय रु.७३७९०१६।५४ मा रु.५८०८३७।५६ खर्च भै मौज्दात रहेको रु.६७९८१७८।९८ तथा कर्मचारी कल्याण कोषको रु.१३९६६६१८।५९ आय मध्ये खर्च रु.८३५०२३९।४३ भै वांकी भएको रु.५६१६३७९।१६ समावेश छैन ।
२.१	**सामाजिक सुरक्षा भत्ता** : सामाजिक सुरक्षा भत्तामा साविक गा.वि.स. तर्फको वितरण गर्न उपलब्ध गराएको र खर्च भएको रकम रु.९३७२३८०। लाई लाई आय व्यय विवराण्मा सम्बन्धित शिर्षकमा देखाइएको छ भने नगरपालिकातर्फको सामाजिक सुरक्षा भत्ता रु.७१६१८४००। आय विवरणको अन्यमा समावेश गरेको छ ।
३	**लेखा व्यवस्था** – कार्यालयको सम्पति तथा दायीत्वको यथार्थ अवस्थाको लागि प्रोदभावी (एकएल) कारोवार राख्नुपर्ने हुन्छ । नगरपालिका कार्यालयले नगदमा आधारित लेखा व्यवस्था राखेकोले नगरपालिकाको वास्तविक सम्पति एकित हुन सकेन ।

४ **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि यिनमावली २०६४ को नियम ९५ मा कुनैपनि कार्यालयले आफुले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ आफ्नो कामको प्रकृतिअनुसारको उपर्युक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था गरेको छ। त्यसै गरी कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको संस्थागत शासन व्यवस्था र वित्तीय व्यवस्थापनको जवाफदेहिता तथा उत्तरदायित्व पालना सम्बन्धी मूल्यांकन सूची अनुसार दैनिक भ्रमण विलको भुक्तानी गर्दा प्रतिवेदन आशिंक रुपमा लिएको, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० बमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्दा कार्यसम्पन्न गर्दा लाग्ने समयमावधि किटान नगरेको, नापी किताबमा नापी गरेको र रनिंग विल नम्बर राख्ने गरेको छैन । डोर हाजिर नियन्त्रण खाता (म.ले.प.फा.नं.१७५) राख्ने गरेको छैन । निर्माण कार्यको विस्तृत अभिलेखंकनको लागि प्रयोग गरिने, ठेक्का सम्बन्धी विवरण (म.ल.प.फा.नं.१९१) अद्यावधिक रुपमा राखेको छैन । पुराना सामानहरुको मूल्य आंशिक रुपमा मात्र खुलेको, जिन्सी निरीक्षण गराई प्रतिवेदन लिएको भएता पनि प्रतिवेदनले औल्याएका व्यहोरा माथि पूर्ण कारवाही नगरेको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, कार्यक्रमगतखाता ठेक्का अभिलेख खाता नराखेको, जस्ता व्यहोराहरु देखिएका छन् । प्रचलिन ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ र प्रभावकारी बनाउनु पर्दछ ।

५ **वजेट व्यवस्थापन र खर्च –** कार्यालयले योजना छनौट गर्दा वडाभेला, मार्फत उपभोक्ता समुह वाट माग भएका योजनाहरुलाई नगर परिषदवाट पारित गर्ने गरेता पनि केही योजनाहरु नगर वोर्डवाट छनौट भएको देखियो नगरवोर्ड वाट छनोट भएका केही योजनाहरु निम्न अनुसार छन ।

मिति	कार्यास्थल	कामको विवरण	रकम
४१/०७३/२/२४	टिकापुर न.पा.१ को ब्लक न. २८	माटो पटानी तथा ग्राभेल	२,५०,०००।-
४५/२०७३/२/८	टिकापुर न.पा.१ को ब्लक न. २८	वाटोको स्तर योजना	१,२५,०००।-
५५/२०७३/२/२१	सरत रावलको घरदेखी केदार कुवँरको घरसम्म	सडक ग्राभेल	५,७९,६८१।-
	जालपा देवी मन्दिरमा	शौचालय निर्माण	२,५००००।-

६ **कार्याक्रममा दोहोरोपना -** नगरपालिकाले विभिन्न कार्यक्रम अन्तर्गतको वजेट वाट योजना छनौट गर्दा कार्यक्रमलाई समन्वय गरि योजना तर्जुमा र वजेट व्यवस्था गर्नुपर्ने देखिएको छ । एउटै प्रकृतिको कामलाई विभिन्न कार्यक्रम अन्तर्गत टुक्रा टुक्रा लागत अनुमान गर्नु तथा छुटै उपभोत्ताका समितिवाट काम गर्दा कार्यक्रम दोहोरोपन पर्न आउनेतर्फ कार्यालय सजक हुनुपर्ने देखिएको छ। केही उदाहरण निम्न अनुसार छन् ।

कार्यस्थल	कामको विवरण	रकम	कार्यक्रम
कर्णाली मा.वि	पुर्वाधार निर्माण	१,०८,७५०।-	पुर्वाधार विकाश न.पा अनुदान
कर्णाली मा.वि	रङ रोगन	२,००,०००	निर्वाचन क्षे विकाश
विरेन्द्र विध्या मन्दिर / वहुमुखी क्याम्पस	छात्रावास निर्माण	४३,७५००	न.पा अनुदान
" " "	पर्खाल निर्माण	१०,८७५०	स्थानिय विकास शुल्क

७ **प्रशासनिक खर्चको सिमा** -कार्यालय संचालनको लागी आवश्यक प्रशासनिक खर्चमा आन्तरिक आयको २५ प्रतिशत गर्नुपर्ने सिमा निर्धारण भएको छ। प्रशासनिक खर्चतर्फको विवरण नराखेकोले सो सिमाभित्र रही खर्च भए नभएको तुलना हुन सकेको छैन ।

८ **निर्माण कार्य व्यवस्थापन -** कार्यलयवाट संचालन हुने निर्माण कार्यमा नगरपालिका अनुदान, नगर क्षेत्र पुर्वाधार विकास कार्यक्रम, सडकवोर्ड, आन्तरिक स्रोत र राजस्व वाडफाड लगायतका कार्यक्रमवाट हुने गरेको छ । निर्माण कार्य संचालन प्रकृयामा योजना छनौट र स्वीकृत लागत अनुमान, कार्य संचालन नापी मुल्यांकन र कार्यसम्पन्न प्रमाण जस्ता अभिलेख अभिन्न अंगको रुपमा रहेका छन । लेखापरिक्षण को क्रममा त्यस्ता अभिलेखका सम्वन्धमा देखिएका केही व्यहोरा निम्न अनुसार छन ।

९	**लागत अनुमान** - कार्यालयले लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा भएको व्यवस्था अनुसार स्थलगत रुपमा उपलब्ध हुने सामान सहितको विचार गरि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको लागत अनुमानको दर विश्लेषण लेखापरिक्षणमा पेश नभएकाले लागत अनुमानको तुलना हुन सकेन । लागत अनुमान तयार गर्दा मिति उल्लेख नहुने र काम गर्न लाग्ने अनुमानित समय समेत उल्लेख भएको छैन ।
१०	**नापी किताब** - निर्माण कार्य ठेक्का पट्टा शिलबन्दी दरभाउपत्र तथा उपभोक्ता समिती मार्फत गराउँदा लिईने कामको अत्याधिक नापी गरेको देखिएन । कामको विवरण अनुसार विस्तृत नापी लिनु पर्ने, प्रत्येक रनिङ विलको भुक्तानी गर्दा अत्याधिक नापी लिनु पर्नेमा नलिई भुक्तानी प्रयोजनका लागि मात्र एउटै कामको छुट्टाछुट्टै नापी लिने गरेकोले फाईनल विल, कार्य सम्पन्न प्रतिवेदन एवं लागत अनुमानसँग नापी किताब भिडान हुन सकेको छैन । यस स्थितिमा निर्माण कार्यको वास्तविकता एकिन हुन सक्ने आधार देखिएन ।
११	**प्रयोगशाला परिक्षण** - कालो पत्रे तथा कंक्रिडको काममा निर्माण सामाग्री तथा निर्मित संरचनाको गुणस्तर तोकिएको मापदण्ड अनुसार भए नभएको प्रयोगशाला परिक्षण गराउनु पर्नेमा (सम्झौतामा समेत उल्लेख भएको) कार्यालयले बोलपत्र तथा उपभोक्ता समितिले गरेको सडक कालो पत्रे ग्राभलिङ र भवन निर्माण कार्यको प्रयोगशाला परिक्षण नगरेकोले गुणस्तरको विषयमा विश्वस्त हुन सकिएन ।
१२	**मिति उल्लेख नभएको** - निर्माण कार्यको लागत अनुमान, ठेक्का विल, नापी किताब, कार्य मूल्याङ्कन, प्रतिवेदन लगायतका कागजातका मिति उल्लेख नभएबाट समयमै काम सम्पन्न भयो, भएन एकिन गर्ने आधार नभएको ।
१३	ह्युम पाइप खरिद - परिषदबाट स्वीकृत भई पूर्व निश्चित भएको ह्युमपाईप खरिद गर्दा शिलवन्दी दरभाउपत्रबाट नगरि पटक पटकको आदेशबाट सेती ह्युमपाईप तथा विद्युत पोलउद्योगबाट निम्न परिमाणको पाईप खरिद गरेको छ, ह्युम पाईप खरिद गर्दा लागत अनुमान तयार नगरेको र खरिद एवम् उपभोग (प्रयोग) को नापी किताब राखेको छैन । नापी किताब बेगर खरिद गरिएको ह्युम पाईप कुन योजनाको कुन कार्यमा खर्च भयो सो को स्थिति स्पष्ट नहुने हुँदा रु.१११०८०८। को खरिद कार्य नियमित गर्नुपर्दछ ।

विवरण	साधन	परिमाण	खर्च रकम
एम पि ३	६०० एम एम	२६ थान	५,६७,३५७/-
एम पि ३	४५० एम एम	३४ थान	५,४३,४५१/-
		जम्मा	११,१०,८०८/-

१४	**काम बाँकी** - कार्यालय भवन निर्माणको कार्य निर्माण व्यवसायी श्याम सुन्दर निर्माण सेवा काठमाण्डौसंग मिति २०७४।१२।८ मा काम सम्पन्न गर्ने गरि मिति २०७१/१२/०५ मा वोलपत्रको माध्यमबाट कवोल अंक रु. रु.३७०५१६७९।११ मा सम्झौता भएको छ । यस वर्ष पाँचौ देखि सातौं रनिंग विलसम्म रु.१,९३,३५,३८७।८३ र हालसम्मको भुक्तानी ३,९२,४६,२३१।१३ भएकोमा काम सम्पन्न हुन बाँकि छ ।
१४.१	सडक बोर्ड अर्न्तगत टिकापुर बजार क्षेत्रमा पीच मर्मत कार्य अमिक्षा निर्माण सेवासँग बोलपत्रको माध्यामबाट मिति २०७४ बैशाखमा काम सम्पन्न गर्ने गरि सम्झौता भएकोमा प्रथम रनिङ्ग वीलमा रु.८,९९,९६२।६२ भुक्तानी भएको छ, म्याद थप भएको छैन । सम्झौता अनुसार रु.१,९६,२०९।८१ काम सम्पन्न हुन बाँकि देखिन्छ ।
१५	**सार्वजनिक खरिद व्यवस्थापन** – सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ मा खरिदका विधि सम्बन्धमा विभिन्न व्यवस्था गरेको छ । सार्वजनिक निकायले खरिद गर्दा सो ऐन र नियमको विधी र प्रक्रिया अनुसार खरिद गर्नु पर्दछ । नगरपालिका कार्यालयले यस वर्ष खरिद कार्य गर्दा देखिएको व्यहोरा निम्नानुसार छ ।

१५.१ **सोभै खरिद** – सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरि टुक्रा टुक्रा पारि खरिद गर्नु हुँदैन भन्ने उल्लेख छ । सौर्य उर्जा अर्न्तगत सडक वत्ती, फर्निचर तथा मेशिनरी सामान खरिद गर्दा टुक्रा टुक्रा पारी रु.५३३३०८३।५४ सिधै खरिद गरिएको छ । नियममा भएको व्यवस्था पालना नगर्दा खरिद कार्यमा अनियमितता हुने, आर्थिक अनुशासनको पालना नहुँने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

क.सं.	खरिद विवरण	टुक्रा संख्या	खरिद रकम
१.	सौर्य उर्जा सडक वत्ती	१४	५८,९४,८४५/-
२.	फर्निचर (विभिन्न)	१३	१६,७३,७२७।५४
३.	मेशिनरी सामान	९	७,६२,५११/-
	जम्मा		५३,३३,०८३।५४

१५.२ **सूचीकृत नभएको** - सौर्य उर्जाका आपूर्तक उज्यालो उर्जा प्राली बालाजु र अल्ट्रा सोलार इनर्जी एण्ड एस टि इन्जिनियरिङ्ग प्रा.लि. काठमाण्डौ दुवै कार्यालयको मौजुदा सूचीमा दर्ता समेत भएका छैनन् ।

१५.३ **दमकल खरिद** - नगरपालिका अनुदान कार्यक्रम अर्न्तगत वोलपत्रको माध्यामबाट MAP Interprenuers Pvt. Ltd. काठमाण्डौसँग मिति २०७४/०२/०४ भएको सम्झौता अनुसार रु.५३,७५,०००/- को दमकल खरिद गरि भुक्तानी गर्दा धरौटी कट्टा गरेको देखिएन । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(४) मा खरिद सम्झौतामा अन्यथा उल्लेख गरेको बाहेक ठेक्का रकमको वील भुक्तानी गर्दा रिटेन्सन मनि वापत ५ प्रतिशत कट्टा गरि राख्नु पर्ने व्यवस्था छ । दमकल खरिदको सम्झौता गर्दा रिटेन्सन मनि कट्टा गर्न नपर्ने कारण उल्लेख नगरेको हुँदा उक्त नियमानुसार ५ प्रतिशत रिटेन्सन मनि रु.२६८७५०। कट्टा गर्नुपर्दछ ।

१५.४ **सम्झौता दर भन्दा बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(४) अनुसार सार्वजनिक निकायले रु.१ लाख रुपैया भन्दा बढीको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा ३ वटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउपत्र माग गरि खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालयलाई आवश्यक सामान पटक पटक खरिद गर्नु पर्ने हुँदा नियमको उक्त व्यवस्था अनुसार घटिवालासँग खरिद गर्ने प्रयोजनका लागि आपूर्तकबाट दरभाउपत्र लिई स्वीकृत गराई राखेको छ । लेखापरीक्षणको क्रममा स्वीकृत दर तथा भक्तानी वीलको केही नमुना तुलना गर्दा निम्न आपूर्तकलाई निजहरुले पेश गरेको दर भन्दा बढी भुक्तानी भएको देखिदा बढी भुक्तानी रु.३४३९७।२० रकम असुल गर्नुपर्दछ ।

गो.भौ.नं. र मिति	आपूर्तक	सामानको नाम	स्वीकृत दर	भुक्तानी दर	परिमाण	बढी भुक्तानी
१६/२०७४/०३/०२	ओमेश्वरी सप्लार्यस	लेटरप्याड नेपाली	११०/-	१५५।-	४०प्याड	२,०३४।-
" " "	"	लेटर प्याड अंग्रजी	१३०।-	१८५।-	२० प्याड	१,२४३।-
" " "	"	अन्य सिफारिस	५२।-	८२।-	१९३ प्याड	६,५४२।७०
" " "	"	व्यवशाय प्रमाण पत्र	६।५०।-	९।५०।-	२००० प्रति	६,७८०।-
" " "	"	संस्था दर्ता	६।५०।-	८।५०।-	१००० प्रति	२२६०।-
२०/२०७४/०३/१७	ग्लोवल ईम्पेक्स धनगढी	विभिन्न सिफारिस फर्मेट	७०।-	११०।-	२०० प्याड	४,०४०।-
६१/२०७४/०३/१७	प्रतिक बुक्स एण्ड स्टेशनरी	फोटोकपी पेपर	२९०।-	३६०।-	२५ रीम	१९७७।५०
१४९/२०७४/०३/१७	"	"	२९०।-	४५०।-	२५ रीम	४५२०।-
					जम्मा	३४३९७.२०

१६ **मुल्य अभिवृद्धि कर दर्ता नभएका संग खरिद** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा सार्वजनिक निकायले रु. २० हजार भन्दा बढीको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउदा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीबाट खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कम्प्यूटर मर्मतका सामान, कार्यालय संचालन सम्बन्धीसामान, मेशिनरी सामान लगायतको खरिद गर्दा मु.अ.कर दर्ता नभएका संग खरिद गर्ने गरेको छ । नियममा भएको व्यवस्थाको पालना नगर्दा आर्थिक अनुसाशनको कायम नहुने भएकोले कार्यालयको ध्यानाकर्षण हुनुपर्ने देखिएको छ । यस सम्बन्धी केही उदाहरण निम्नानुसार छन्:

भो.नं. र मिति	आपूर्तिकको नाम	खरिद विवरण	रकम
८/०७४/२/११	प्रतिक स्टेशनरी वुक्स एण्ड स्टोर्स	कार्यालय सामान	२४७९५०.००
२०/०७४/३/७	अभिनव अफसेट प्रेस	छपार्य सामाग्री	२९२००.००
२५/०७४/३/१८	एभरेष्ट कम्प्यूटर एण्ड सप्लाई	कम्प्यूटर पार्टस	६६८००.००
४०/०७४/३/२०	प्रतिक वुक्स एण्ड स्टेशनरी	कार्यालय सामान	१३५२२०.००
६७/०७४/३/२०	प्रतिक वुक्स एण्ड स्टेशनरी	कार्यालय सामान	७४२००.००
१४/०७३/३/५	सोनी गुडस सप्लायर्स	मेशिनरी सामान	२६५४५.००
२४/०७४/३/२५	न्यू गालब फेनसी स्टोर्स	रेनकोट	३५५३३.४१
३/०७४/१/७	न्यू जगदम्बा एकतारा ट्रेडर्स	फालामको सुइरो	५००००.००

१७ **नर्मस वेगर तालिम भत्ता** : नागरपालिकाबाट विभिन्न विषयमा विभिन्न वर्गहरुलाई प्रदान गर्ने प्रशिक्षण गोष्ठि सेमिनार, अभिमुखीकरण तथा भेला कार्यक्रमको लागि प्रशिक्षण भत्ता, कार्यपत्र प्रस्तुती, वैठक भत्ता, यातायात तथा खाना खाजा एवं अन्य व्यवस्थापन खर्चको लागि नर्मस तयार गरी अर्थ मन्त्रालयबाट स्वीकृत भए बमोजिम खर्च गर्नु पर्दछ । स्थानिय निकायले नर्मस तयार गरी स्वीकृत नगराएको अवस्थामा नेपाल सरकार अर्थ मन्त्रालयको निर्देशिका अनुसारनै खर्च गर्नुपर्ने हुन्छ । कार्यालयले यस वर्ष विभन्नि तालिम गोष्ठी तथा अभिमुखिकरणको कार्यक्रम संचालन गर्दा आफ्नो नर्म्स नभएको अवस्थामा अर्थ मन्त्रालयको स्वीकृत निर्देशिका अनुसार प्रति कक्षा जिल्ला स्तरमा रु.१०००। मात्र खर्च लेख्न मिल्नेमा रु.१५००। देखि रु.२५००। सम्म खर्च लेखेको देखियो ।

१८ **विज्ञापन सूचनाको भुक्तानी** : कार्यालयका विभिन्न सूचना तथा विज्ञापन सार्वजनिक प्रकासनको लागि विज्ञापन सेवालाई भुक्तानी गर्दा सम्बन्धित प्रकाशकलाई आधिकारिक दररेटलाई भुक्तानी नगरी विज्ञापन सेवा मार्फत खर्च लेख्दा सम्बन्धित प्रकासन गृहको आधिकारीक दर पेश नभएकोले वास्तविक दरमा खर्च लेखेको छ भन्ने आधार पेश हुन आएन । यस सम्बन्धी केही उदाहरण निम्नानुसार छन ।

गो.भौ.नं. र मिति	विज्ञापन सेवा	सुचना	पत्रिका	रकम
१६/०७४/१/३	लता विज्ञापन सेवा	वोलपत्र	कमाण्डर पोष्ट	११३०००.००
२२/०७४/३/७	लता विज्ञापन सेवा	वोलपत्र	आर्थिक दैनिक	६७८००.००
१२/०७३/१०/२७	लता विज्ञापन सेवा	वोलपत्र	नखुलेको	११३०००.००
५/०७४/१/३	लता विज्ञापन सेवा	वोलपत्र	नखुलेको	७३३२०.००

१९ **अमानतबाट निर्माण कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा सावजनिक निकायले अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको पूर्व स्वकिृती लिनु पर्ने उल्लेख छ । यसै गरी अमानतबाट निर्माण कार्य गराउदा त्यस्तो काम एक लाख रुपैयामा नवढाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कम्पाउण्डमा घेरवार, ग्राभेलिंग, रंगरोगन, सडक मर्मत लगायतका काम प्राविधिक कर्मचारीलाई कार्यदेश दिई गराउदा एक तह माथिको पूर्व स्वकृित नलिएको र रु.१ लाखको सिमा समेत नाघेको देखियो । सार्वजनिक निकायले कार्य गर्दा गराउदा सोसंग सम्बन्धित ऐन नियमको पूर्ण पालना गर्नुपर्दछ । यस सम्बन्धी केही उदारहण निम्नानुसार छन्:

गो.भौ.नं.	कामको विवरण	कार्यादेश पाउने कर्मचारी	रकम
३१/०७४/३/२५	कार्यालय कम्पाउण्डमा घेरावार	अ.सव.ई.श्री धर्मेन्द्र चौधरी	२९८९८०.००
२/०७४/४/१९	सडक ग्राभेल तथा ढल सफाई	स.ई गम्भिर सिंह साउद	८९०५०.००
३/०७४/४/१९	पार्क मर्मत (महेन्द्र आरोग्य गृह)	अ.सव.ई.श्री धर्मेन्द्र चौधरी	१०८०००.००

	४८/०७३/१०/२१	पार्क मर्मत (महेन्द्र आरोग्य गृह)	खरिदार अर्जुन कुंवर	१०९९०२.००
	४९/०७३/१०/२१	पार्क मर्मत (महेन्द्र आरोग्य गृह)	खरिदार अर्जुन कुंवर	१४९९५०.००
२०	**कन्टेन्जेन्सी खर्च** : स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा स्थानिय निकायबाट संचालन गरिने कार्यक्रम पुजिगत लगानीको समष्टिगत रकमबाट नगरपालिकाले बढीमा ३ प्रतिशतसम्म कन्टेन्जेन्सी रकम छुट्याई परिषदको स्वीकृतिमा सर्वेक्षण, इड्ंग डिजाइन, योजना तर्जुमा, अनुगमन, सुपरिवेक्षण, प्राविधिक उपकरण, गुणस्तर परीक्षणलगायत तोकिएको काममा खर्च गर्ने र सोको अभिलेख खर्चको हिसाव) अनुसूची १० को ढांचामा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष कन्टेन्जेन्सी खर्चको लागि छुट्याएको रकम र खर्च विवरणको अभिलेख नराखेकोले विश्लेषण हुन सकेन । अत: कार्यविधिले तोकेको ढांचामा कन्टेन्जेन्सी खर्चको हिसाव राख्नुपर्ने देखिएको छ ।			
२१	**धरौटी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६६ (२) अनुसार धरौटी फर्ता पाउने व्यक्तिले प्रचलित कानूनले तोकेको म्याद भित्र र नतोकेकोमा जुन प्रयोजनको लागि धरौटी राखेको हो सो काम सम्बन्धी कारावही अन्तिम रुपमा समाप्त भएको मितिले १ वर्ष भित्र फिर्ता लिन निवेदन पेश गर्नुपर्ने व्यवस्था छ । एक वर्षभित्र फिर्ता माग दावी गर्न नआएमा अभिलेख राखी सदरस्याहा गर्नुपर्ने देखिन्छ कार्यालयमा श्रोत नखुलेको र धरौटी जम्मा गर्नेको नामानामेसी समेत नभएको धरौटी रकम रु. २२७८१४।१० देखिएकोले त्यस्तो रकम नियमानुसार सदरस्याहा हुनुपर्दछ ।			
२२	**कर विजक** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा मु.अ.कर भुक्तानीको लागि तोकिए बमोजिमको कर विजक पेश हुनु पर्ने व्यवस्था छ । कार्यालयले समाज कल्याण परिषद टिकापुरलाई संभौता बमोजिमको ३ किस्ता गरी वार्षिक रु.३०००००। भुक्तानी गर्दा रु.३९०००। मु.अ.कर समेत भुक्तानी गरेकोमा कर विजक पेश गरेको छैन । कर विजक वेगर खर्च लेख्न नमिल्ने रकम असुल हुनुपर्दछ ।			
२३	**मर्मत अभिलेख** : सवारी साधन मर्मत गर्दा फेर्नु पर्ने सामान तथा मर्मत गर्नुपर्ने पार्टको सम्बन्धित प्राविधिकद्धारा इष्टिमेट गराई पूर्व मर्मत आदेश लिई मर्मत गर्नुपर्ने र मर्मत गरे पश्चात फेरिएका सामान भण्डार दाखिला सहित म.ले.प.फा.नं.२ मा अभिलेख राख्नु पर्नेमा सो अनुसारको प्रक्रिया नपुराई दक्षिणकाली इन्कर्पोरेट प्रा.लि. धनगढीलाई जीप मर्मत तथा सर्भिसिंगको रु.१६९४५१।४१ खर्च लेखेको रकम अनियमित देखिएकोले नियमित गर्नुपर्दछ ।			
२४	**डेलिगेशन खर्च** : टिकापुरलाई उपमहानगरपालिका बनाउन राजनैतिक दलका स्थानिय नेताहरु लम्की र धनगढीमा डेलिगेशन जादाको गाडी भाडा रु.४४०००। खर्च लेखेकोमा कार्यालयको प्रयोजनसंग सम्बन्धित नदेखिएकोले अनियमित भएको उक्त रकम नियमित गर्नुपर्दछ ।			
२५	**भरपाई नभएको** : लैगिक हिंसा तथा छुवाछुत र छाउपडी कार्यक्रम संचालनको विल भरपाईबाट स.क.अ. अमृता कुमारी रावलको पेस्की फछ्यौंट गरेकोमा प्रशिक्षक वालाराम शर्माले रु.२५५०। भत्ता वुझेको नदेखिदा नगरपालिकाको कोष खातामा जम्मा गर्नुपर्दछ ।			
२६	**सामाजिक सुरक्षा कर** : आयकर ऐन, २०५८ तथा आर्थिक ऐन, २०७३ अनुसार तलव, भत्ता तथा ज्याला भुक्तानी गर्दा १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले २०७३ सालको पोशाक भत्ता रु.४०५०००। खर्च लेख्दा १ प्रतिशतले हुने कर रु.४०५०। कट्टा गरेको नदेखिएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्दछ ।			
२७	**कर्मचारी कल्याणकोष** : स्वायत्त शासन नियमावली, २०६४ बमोजिम वर्षको १ महिनाको तलव कल्याणकारी कोषमा राख्नुपर्नेमा उक्त कोषमा कर्मचारीहरुबाट कुनै रकम योगदान भएको छैन । नगरपालिका अनुदानबाट योवर्ष रु.२२२०९०२।३० कर्मचारी कल्याण कोषमा जम्मा गरेको छ । उक्त रकम कर्मचारीले पाउने २ महिनाको तलव भन्दा बढीको रकम भएकोले कर्मचारीको योगदान नभएको कोषमा कार्यालयको तर्फबाट जम्मा गर्नुपर्ने कानून व्यवस्था पेश गरी नियमित गर्नुपर्दछ ।			

२८	**सम्परीक्षण :** स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम २०५ अनुसार आन्तरिक लेखापरीक्षण वा अन्तिम लेखापरीक्षणबाट देखिएका बेरुजूको सम्बन्धमा सम्बन्धित लेखापरीक्षक वा लेखापरीक्षण गर्ने कार्यालयबाट पत्र लेखि आएपछि सो पत्रमा म्याद तोकिएको भए सो म्याद भित्र र नतोकिएकोमा ३५ दिन भित्र नियमित गर्नुपर्ने भए नियमित गरी, आवश्यक प्रमाण पेश गर्नुपर्ने भए सो पेश गरी वा गराई वा असुल उपर गर्नुपर्ने वा असुल उपर गरी वा जवाफबाट स्पष्ट गर्नुपर्ने भए स्पष्ट जवाफ दिई बेरुजू फछ्र्यौट गर्नुपर्ने छ र त्यसको जवाफ लेखापरीक्षक वा लेखापरीक्षण गर्ने कार्यालयलाई तोकिएको म्याद भित्र दिनुपर्ने व्यवस्था छ । तर उल्लेखित व्यवस्था अनुसार विगत वर्ष देखि हालसम्म के कति पेस्की तथा अन्य असुल तथा प्रमाण पेश गर्नुपर्ने बेरुजू वांकी रहेकोमा कति फछ्र्यौट भै वांकी रहेको छ । त्यसको अभिलेख लेखापरीक्षणको क्रममा माग गरिएकोमा पेश भएको छैन । नियमानुसार विगतको बेरुजू खोजविन गरी लगत खडा गरी जिम्मेवार पदाधिकारीबाट फछ्र्यौट गराउनु पर्दछ ।

साविक धनसिंहपुर गाउ विकास समिति
(२०७३ श्रावण देखी २०७४ आषाढ मसान्तसम्म)
आय व्यय विवरण

आय			व्यय		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
गत वर्षको मौज्दात		५५११२.७५	यो वर्षको खर्च		११६५५८८२.००
जि.वि.स.अनुदान		१३०३३८५१.६९	• चालु खर्च	१६८१६६६.००	०
• चालु अनुदान	३६३३३३.००	०	• पुजिगत खर्च	८६३०१६.००	०
• पुजिगत अनुदान	३५७६६९३.६९	०	• समाजिक सुरक्षा	९०६१२००.००	०
• सामाजिक सुरक्षा भत्ता	९०६१२००.००	०	• धरौटी	५००००.००	०
• अन्य	३२६२५.००	०	मौज्दात जि.वि.स.फिर्ता		२८५९७१२.४४
धरौटी आम्दानी		१३००००.००	जि.वि.स.फिर्ता	२७२१६७७.६९	०
आन्तरिक आय		१२९६६३०.००	चालु	१३८०३४.७५	०
जम्मा		१४५१५५९४.४४	जम्मा		१४५१५५९४.४४

२९	**आय व्यय विवरण** : धनसिंहपुर गा.वि.स.को आ.व. २०७३।०७४ श्रावण देखि फागुन सम्मको मौज्दात रु ५५,११२।७५ मा यस वर्ष आन्तरिक तथा जि.वि.स. र नेपाल सरकार बाट निकाशा भएको समेत रु १४५१५५९४।४४ मा खर्च रु. ११६५५८८२ भई मौज्दात रहेको रु. २८५९७१२।४४ मध्ये जिविस फिर्ता रु. २७२१६७७६९ र रु. १३८०३४।८० नगरपालिकाको कोषमा जम्मा हुने गरी टीकापुर नगरपालिकामा पठाएको छ।
३०	**अनावश्यक खरिद** : ११।०७३।११२६ गाउँपरिषद्को माग अनुसार भनि योजना उल्लेख नगरि सेती ह्युम पाइप तथा विद्युत् पोल उद्योग प्रा.लि. सँग एन.पी.३ ९०० एम एम को ह्युम पाइप ११ थान खरिद गरि रु. ३९४५५४। भुक्तानी गरेकोमा सो ह्युम पाइप हाल सम्म जडान नभएको जिन्सी दाखिला नभएको तथा कार्यालयको परिसरमा रहेकोले खरिद गर्नुको उपादेयता देखिएन।
३१	**खर्चको स्थिती एकिन नभएको** : १०।०७३।११।२६ त्रिभुवन उ.मा.वि. को घेरवारमा रु. १,३०,०००। खर्च लेखेकोमा ल.ई.नापी, कार्यसम्पन्न तथा विल भरपाई नभएकोले पेश गरी नियमित गर्नुपर्दछ।
३२	**प्रशिक्षक भत्ता** : १२।०७३।११।२६ उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना निर्माण तथा गा.वि.स.को सेवा सम्बन्धी तालिम दिदा ५ वटा कक्षा सञ्चालनको प्रशिक्षक भत्ता प्रति कक्षा २०००। ले १०,०००। खर्च लेखेकोमा सो दरको स्वीकृत नर्म नभएकोले अनियमित देखिएकोले नियमित गर्नुपर्दछ।
३३	**निर्माण कार्यको प्राविधिक पक्ष** : साविक गाउँ परिषद्ले निर्णय गरेको निर्माण कार्य (सडक भवन लगायत) गर्दा गराउँदा प्राविधिक कार्यको लागि लागत अनुमान नापी विवरण कार्य मुल्यांकन जस्ता आधारभूत विषयमा सो विषय सँग सम्बन्धित प्राविधिक नभएको कारण लागत अनुमान हचुवाको भरमा गर्ने नर्मस र जिल्ला दरका आधारहरु नदिने दर विश्लेषण नहुने, एकमुष्ट कार्यस्थल उल्लेख नहुने नापी नलिने देखिएकोले प्राविधिक पक्ष एकदमै कमजोर देखियो यसप्रकार भएको कामको विश्लेषण एवम् मुल्यांकन हुन सक्ने स्थिती नदेखिएको।
३४	**वढी भुक्तानी** : ६।२०७४।३।३० वडा कार्यालयले आदीवासी जनजातीको लागि बोरिङ जडान गर्न प्रति मिटर ७३८।६४ मा १७६ मिटर बोरिङ कार्यको रु. १३००००। भुक्तानी भएको सन्दर्भमा सोही कार्य कृषक समूह समन्वय समितिको लागि गराउँदा प्रति मिटर ८७५।७१ बाट गराई १७७ मिटर बोरिङ जडानको कार्यको गराई प्रति मिटर १३७।०७ ले वढी खर्च लेखेको रु.२४२६१।३९ । उपभोक्ता समितिबाट असुल हुनुपर्दछ।
३५	**खर्च लेख्ने आधार नदेखिएको** : ६।२०७४।३।३० दलित जनजाती संजाललाई बाखा वितरण कार्यक्रम अन्तर्गत रु. १४५०००। भुक्तानी गर्दा संलग्न भर्पाई अनुसार ०७४।२।३१ मा बाखा बुझिलिई सकेको अवस्थामा ५ दिन पछिको भर्पाईबाट २०७४।३।५ मा बाखा खोजेको खर्च भनि रु. १६०००। भुक्तानी गरेको देखियो। यस्तो खर्च खर्च मिल्ने आधार नदेखिएकोले असुल हुनुपर्दछ।
३६	**ढुवानी** : अपाङ्गहरुको लागि ट्राइसाइकल खरिद गर्ने कार्यक्रम भएकोमा साइकल खरिद नगरि चितवन देखि टीकापुर हुदै साइकल ढुवानी गरेको भनि रु. ३१०००।- खर्च लेखेकेोमा ट्राइसाइकल प्राप्तीको श्रोत एवम् दाता उल्लेख नभएको र ढुवानी गर्नु परेको कारण बेगर खर्च लेखेको रकम नियमित गर्नुपर्दछ।
३७	**निजी संस्थालाई अनुदानः** सेती कर्णाली साप्ताहिक पत्रिकालाई कम्प्युटर खरिद गर्न भनि रु. १९९९०।- अनुदान खर्च लेखेको देखियो। यस प्रकार निजी प्रकाशन संस्थालाई अनुदान दिन मिल्ने आधार नभएकोले उक्त रकम असुल गर्नुपर्दछ।
३८	**थप पारिश्रमिक** : गाउ विकास समितिमा निर्वाचित पदाधिकारीहरु समेत नभएको कारण कार्य वोझ बढन गई सांझ विहान समेत थप काम गर्नुपर्ने भएकोले साविक गाउ विकास समितिका वडा सचिवहरुले गाउ परिषदको निर्णय अनुसार मासिक रु.५५००। थप पारिश्रमिक २०७३ श्रावण देखि आषाढसम्म आआफ्नो गा.वि.स.बाट भुक्तानी लिएको छ। सोही थप कार्यवोझको कारण जनाई जिल्ला विकास समितिले जिल्ला भित्रका सबै गा.वि.स.सचिवहरुलाई थप कामको आधारमा तलवको ५० प्रतिशतसम्म भत्ता दिने गरेकोले दोहोरो भत्ता खर्च लेख्नु औचित्यपूर्ण देखिएन।

साविक नारायणपुर गाउ विकास समिति
(२०७३ श्रावण देखी २०७४ आषाढ मसान्तसम्म)
आय व्यय विवरण

आय			व्यय		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
गत वर्षको मौज्दात		१२८८८१.४३	यो वर्षको खर्च		१२६०९०५५.००
जि.वि.स.अनुदान		१६९५७२६५.००	• चालु खर्च	१२४००००.००	०
• चालु अनुदान	९०७६८३.३४	०	• पुजिगत खर्च	२१०१०५५.००	०
• पुजिगत अनुदान	६०४५४७६.६६	०	• समाजिक सुरक्षा	६२६८०००.००	०
• सामाजिक सुरक्षा भत्ता	९२७८०००.००	०	मौज्दात जि.वि.स.फिर्ता		४४७७०९१.४३
• अन्य	७२६१०५.००	०	जि.वि.स.फिर्ता	४२६९९२३.००	०
धरौटी आम्दानी		०	चालु	२०७१६८.४३	०
जम्मा		१७०८६१४६.४३	जम्मा		१७०८६१४६.४३

३९	**आय व्यय विवरण** : नारायणपुर गाउँ विकास समितिको आ.व. ०७३।०७४ श्रावण देखि फागुन २७ सम्मको आय व्यव विवरण अनुसार गत वर्षको मौज्दात समेत आय रु. १७०,८६१४६।४३ मध्ये खर्च रु. १२६०९०५५ कटाउदा बचत रहेको रु. ४४७७०९१।४३ मा जि.वि.स. फिर्ता रु. ४२६९९२३।- पछि बचत रहेको रकम रु. २०७१६८।४३ नगरपालिका कोषमा जम्मा गरेको आय व्यव विवरण पेश भएको छ ।
४०	निर्माण कार्य : निर्माण कार्य गर्दा लागत अनुमान तयार गरि स्वीकृत गराउनु पर्ने र काम सम्पन्न भएपछि सोको नापी लिई मुल्यांकन प्रतिवेदन सहित कार्य सम्पन्न प्रतिवेदन तयार गर्न पर्नेमा कार्यालयले वि.पि. निकुञ्जको टहरा निर्माण गरेको भनि उ.स. लाई रु. १५००००।- भुक्तानी गरेकोमा सो कार्यको लागत इस्टिमेट नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन तयार नगरि खर्च लेखेको रु. १५००००।- नियमित गर्नुपर्दछ ।
४१	**ह्युम पाइप खरिदः** गाउँ विकास समितिका विभिन्न वडाहरुको मागअनुसार भनि ह्युम पाइप खरिद, लेइङ, फिटिङ र फिक्सिङ समेतको सम्पूर्ण काम भनि रु. ७१९६५०।- को लागत अनुमान तयार गरि रु. ७१३८५३।- सेती ह्युम पाइप तथा विद्युत् पोल प्रा.लि. लाई भुक्तानी गरेको देखियो । स्वीकृत लागत अनुमान अनुसार लेइङ, फिटिङ भएको छैन । खरिद वापत कार्यमात्र गरि ल.ई. अनुसारको सबै रकम भुक्तानी गरेको र ती पाइपहरु प्रयोजनहीन अवस्थामा गा.वि.स. कार्यालयमा रहेकोले आवश्यकताका आधारमा काम हुने गरिएको देखिएन ।
४२	**भवन निर्माण** : गाउँपरिषद्को निर्णय अनुसार भानु पुस्तकालयको भवन निर्माण कार्यको लागि गा.वि.स.ले छुट्याएको रु. २,०००००।- खर्च लेख्दा गत विगत वर्षमा निर्माण भैसकेको र तल्ला थप गर्ने कार्यको लागि भएको लागत इस्टिमेटमा पि.सि.सि. र प्लास्टरको काम उल्लेख भएकोमा संलग्न बिल अनुसार रु.१३०१७६।- ईटा खरिद गरेकोले प्लाष्टरको काममा इटा आवश्यक नपर्ने हुदा सो खर्च नियमित हुनु पर्दछ ।
४३	**दोहोरो खर्च** : मधेश लक्षित समुदायको नेतृत्व विकास तालिम गर्न रु. ५००००।- खर्च लेखेकोमा ०७४।३।१० सम्म कार्यक्रम सञ्चालन भएको भनि पेश गरेको फोटो १८।९।२०१६ अर्थात् २०७३।६।२ गतेको भएकोले छुट्टै कार्यक्रमको फोटो राखी खर्च लेखेको रकम नियमित गर्नुपर्दछ ।
४४	**कार्यक्रम नगरि भुक्तानी :** अपाङ्गहरुलाई समूहको लेखापरिक्षण, कम्प्युटर र मैनबत्ती बनाउने गरि ३ वटा तालिम सञ्चालन गर्न रु. १८०००० को रकम गाउँ परिषदबाट विनियोजन भएकोमा कम्प्युटर तालिम सञ्चालन नगरी अन्य २ वटा तालिम मात्र भएकोले कम्प्युटर तालिमको खर्च लेख्न मिल्ने नदेखिएको रु. ६००००।- असुल हुनुपर्दछ ।
४५	**स्वीकृत भन्दा बढी भुक्तानी** : गाउँ परिषद्को निर्णय अनुसार जुगुराम चौधरीको घरदेखि वडा नं. ३ सिमाना सम्मको बाटो ग्राभेल गर्ने कार्यको लागि रु. ७५०००।- बजेट स्वीकृत भएकोमा रु. ८००००।- खर्च लेखेकोले स्वीकृत भन्दा बढी खर्च लेख्न नमिल्ने रु. ५०००।-उपभोक्ता समितिबाट असुल हुनुपर्दछ ।
४६	**निर्माण बेगर खर्च :** गाउँ परिषद्को निर्णय बेगर अरबरुवा नाला पक्की पुलको दाया बाया माटो पटानी गरेको भनि उपभोक्ता समतिको नाममा खर्च लेखेको रु. ६७५००।- खर्च लेख्न मिल्ने नदेखिएको ।
४७	**थप पारिश्रमिक :** गाउ विकास समितिमा निर्वाचित पदाधिकारीहरु समेत नभएको कारण कार्य वोझ बढन गई साँझ विहान समेत थप काम गर्नुपर्ने भएकोले साविक गाउ विकास समितिका वडा सचिवहरुले गाउ परिषदको निर्णय अनुसार मासिक रु.५५००। थप पारिश्रमिक २०७३ श्रावण देखि आषाढसम्म आआफ्नो गा.वि.स.बाट भुक्तानी लिएको छ । सोही थप कार्यवोझको कारण जनाई जिल्ला विकास समितिले जिल्ला भित्रका सबै गा.वि.स.सचिवहरुलाई थप कामको आधारमा तलवको ५० प्रतिशतसम्म भत्ता दिने गरेकोले दोहोरो भत्ता खर्च लेख्नु औचित्यपूर्ण देखिएन ।

स्रोत उपयोग र उपलब्धिको विवरण

क्र.सं.	स्रोत		मुख्य उपलब्धिहरु	
१	यस वर्षको आम्दानी	२७०९५२८६९.२८	बजेट खर्च	२४८७५६६६७.३९
२	कर्मचारी संख्या ७९	स्थायी ५१ जना जनप्रतिनिधि	स्थानीय तहको आम्दानी	
३	भौतिक पूर्वाधार: • भवन संख्या • सवारी साधन संख्या (मोटरसाइकल)	 १३ ११	धरौटी आम्दानी : कार्यक्रम उपलब्धि • पञ्जिकरण कार्य, सिफारिस, नगर स्वास्थ्य	

बेरुजू वर्गीकरण

क्र.सं.	बेरुजू वर्गीकरण	दफा नं.	रकम
१	असुल गर्नुपर्ने	१६.३	३४
		२२	२२८
		२३	३९
		२६	२
		२७	४
२	नियमित गर्नुपर्ने		०
	अनियमित भएको	१३	११११
		१६	५३३३
		२४	१६९
		२५	४४
		२८	१२२१
	• प्रमाण कागजात पेस नभएको	१६.२	२६९
		२६	२
	• जिम्मेवारी नसारेको		०
	• शोधभर्ना नलिएको		०
३	पेश्की:		०
४	सैद्धान्तिक	१,२, २,१, ३, ४, ५,६, ७, ८, ८, १०, ११, १२, १४, १४.१, १५, १६.१, १७, १८, १९, २०, २१, २९	०
	जम्मा	३५	८४५६